# हलेसी तुवाचुङ नगरपालिका

## स्थानीय राजपत्र

खण्डः संख्याः मितिः २०७९/११/०७

### भाग - १

# हलेसी तुवाचुङ नगरपालिका
# नगर योजना आयोग गठन तथा सञ्चालन ऐन, २०७९

**प्रस्तावनाः**

हलेसी तुवाचुङ नगरपालिकाको समग्र विकासका लागि नगर विकास सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा, सुशासन प्रवर्द्धन, अनुगमन, मूल्यांकन गर्दै दिगो विकास तथा सहस्राव्दी विकासका लक्ष्यहरू प्राप्त हुने गरी ठोस योजना तर्जुमा तथा नगर सभा, नगर कार्यपालिका नगरपालिकालाई आवश्यक राय सल्लाह तथा परामर्श दिनका लागि हलेसी तुवाचुङ नगरपालिकामा नगर योजना आयोगको गठन तथा कार्य सञ्चालन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तथा आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम हलेसी तुवाचुङ नगर सभाले यो नगर योजना आयोग गठन तथा सञ्चालन ऐन, २०७९ तयार गरी पारीत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनको संक्षिप्त नाम "हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोग गठन तथा सञ्चालन ऐन, २०७९" रहेको छ ।

(ख) यो ऐन हलेसी तुवाचुङ राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख (मेयर) सम्झनु पर्दछ ।

(ख) "उप प्रमुख" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाका नगर उप प्रमुख (उपमेयर) सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "आयोग" भन्नाले यस ऐन बमोजिम गठन हुने नगर योजना आयोग सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोगको अध्यक्ष सम्झनु पर्दछ ।

(च) "उपाध्यक्ष" भन्नाले हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोगको उपाध्यक्ष सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोगको सदस्य सम्झनु पर्दछ ।

(ज) "सदस्य सचिव" भन्नाले हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोगका सदस्य सचिव सम्झनु पर्दछ ।

(झ) "सचिवालय" भन्नाले हलेसी तुवाचुङ नगरपालिका, नगर योजना आयोगको सचिवालय सम्झनु पर्दछ ।

(ञ) "कर्मचारी" भन्नाले हलेसी तुवाचुङ नगर योजना आयोगका लागि तोकिएका कर्मचारी सम्झनु पर्दछ ।

(ट) "नगर कार्यपालिका" भन्नाले हलेसी तुवाचुङ नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ठ) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिका सम्झनु पर्दछ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत आयोगले समय समयमा जारी गरेका नियमावली, कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. **आयोगको गठनः**

१. नगर विकास सम्बन्धि नीति, योजना तथा कार्यक्रम तर्जुमा, नीतिको अनुसन्धान, अनुगमन, मूल्यांकन गर्न तथा प्रमुखको योजना सम्बन्धि सल्लाहकारको रुपमा देहाय बमोजिमको नगर योजना आयोगको गठन गरिनेछ ।

(क) हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख — अध्यक्ष

(ख) अध्यक्षद्वारा मनोनित १ जना महिला अनिवार्य हुने गरी १ उपाध्यक्ष सहित ३ जना विषय विज्ञ - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) नगरपालिकाका विषयगत समितिका संयोजक ५ जना — सदस्य

(ङ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य सचिव

२. उपदफा १ को बुँदा (ख) बमोजिम उपाध्यक्ष तथा सदस्यहरू मनोनयन गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा मनोनयन गरिनेछ ।

(क) आर्थिक विकास

(ख) सामाजिक विकास

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा

(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन

(ङ) सुशासन तथा व्यवस्थापन

(च) उद्योग, वाणिज्य तथा आपूर्ति

(छ) कानून, न्याय तथा मानव अधिकार

(ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

३. आयोगले आवश्यकता अनुसार स्वदेशी तथा विदेशी विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. आयोगले आफ्नो बैठकमा नगर उप प्रमुख र नगर प्रवक्तालाई स्थायी आमन्त्रित गर्नु पर्नेछ ।

५. **आयोगका मनोनित सदस्यहरूको योग्यताः** देहायको योग्यता भएका व्यक्तिहरू आयोगको सदस्यको रुपमा मनोनयन हुन सक्नेछन ।

(क) नेपाली नागरिक,

(ख) कुनै मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कुनै एक विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित विषयको अध्ययन, अध्यापन, अनुसन्धान तथा विकास व्यवस्थापनको क्षेत्रमा कम्तिमा पाँच वर्ष विशिष्ट अनुभव हासिल गरेको वा लब्ध प्रतिष्ठित व्यक्ति,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(घ) प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको ।

(ङ) विदेशमा आवासीय भिसा, डि.भि., पि.आर. स्वीकार नगरेको ।

६. **आयोगको काम, कर्तव्य र अधिकारः** प्रचलित कानूनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नेपालको संविधान, संघीय तथा प्रदेश कानून, राष्ट्रले अवलम्वन गरेका नीति एवं निर्देशक सिद्धान्त समेतका आधारमा सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई हलेसी तुवाचुङ नगरपालिकाको समग्र विकास प्रकृया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि र स्थानीय शासन प्रवर्द्धन गराउने गरी नगर योजना तथा नीति तर्जुमा गर्नका लागि प्रमुखलाई आर्थिक योजना र विकास लगायतका क्षेत्रमा राय सल्लाह एवं परामर्श दिने ।

(ख) नगरपालिकाका विभिन्न क्षेत्रमा विकासका सम्भावना र अवसरलाई वृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नगर योजनाको तर्जुमा गर्ने ।

(ग) नगरपालिकाका सम्पूर्ण वडाहरूको सन्तुलित विकासका लागि आवश्यक नगर विकास सम्बन्धी नीति, रणनीति र योजना तर्जुमा गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्रका प्राकृतिक स्रोत र साधनहरूको दीगो तथा कुशल व्यवस्थापनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

(ङ) नगरपालिकाको कार्य क्षेत्रभित्रका राजश्व र आर्थिक अधिकारको प्रयोगका लागि प्रमुख समक्ष सिफारिस गर्ने र प्रदेश तथा संघीय सरकारसँग अनुदान, वैदेशिक सहायता र ऋण प्राप्त गर्ने सम्बन्धमा नगरपालिकाको आवधिक, मध्यमकालीन वित्त संरचना तयार गर्ने ।

(च) नगरपालिकाको विकासका लागि १० वर्षे योजना, ५ वर्षे कार्ययोजना, २० वर्षे दीर्घकालीन योजना तयार गर्ने र सोका आधारमा योजनाहरूको अध्ययन विश्लेषण गरी योजना बैंक तयार गर्ने ।

(छ) नगरपालिकाले निर्णय गरेका विषयगत क्षेत्रहरूमा अध्ययन अनुसन्धान गर्ने तथा नगर कार्यपालिकाले निर्णय गरी तोकिएका विषयहरूमा विशेषज्ञ समूहको रुपमा कार्य गर्ने ।

(ज) नगरपालिकाले स्वीकृत गरी लागु गरेका नीति, योजना तथा कार्यक्रमहरूको अनुगमन समीक्षात्मक प्रगति प्रतिवेदन तयार गर्ने ।

(झ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग तथा संघीय र प्रादेशिक अर्थ मन्त्रालय तथा योजना आयोगसँग सम्पर्क र समन्वय गर्ने ।

७. **आयोगका मनोनित सदस्यहरूको अयोग्यताः**

1. देहायको कुनै व्यक्ति आयोगको सदस्य पदमा मनोनयन हुन अयोग्य मानिनेछ ।

(क) ३५ वर्ष उमेर पुरा नभएको ।

(ख) मानसिक सन्तुलन ठीक नभएको ।

(ग) बैंक वा वित्तीय संस्थाहरूसँगको कुनै कारोबारमा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तिमा ५ वर्ष पुरा नभएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

(ङ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट कसूरदार ठहर भएको ।

(च) विदेशको आवासीय भिसा, डि.भि., पि.आर. स्वीकार गरेको ।

८. **बैठक सञ्चालन सम्बन्धी व्यवस्थाः** आयोगको बैठक सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

(ख) बैठकको अध्यक्षता अध्यक्ष वा अध्यक्षको अनुमतिमा उपाध्यक्षले गर्नेछ ।

(ग) बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको सहमतिमा नगर योजना आयोगको बैठक आह्वान र सञ्चालन गर्ने ।

(ख) आयोगसँग सम्बन्धित काम समन्वायत्मक ढंगले सञ्चालन गर्ने, गराउने ।

(ग) नगरपालिकाको समग्र आर्थिक स्थिति, चालु योजना र नगर प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा अध्यक्षलाई जानकारी गराउने ।

(घ) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गरी अध्यक्ष समक्ष पेश गर्ने ।

(ङ) आयोगले सम्पादन गर्नुपर्ने काम कारबाही बारे सदस्यको जिम्मेवारी तोक्ने र तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(च) चौमासिक रुपमा वार्षिक योजना, नीति तथा कार्यक्रमको समीक्षा प्रतिवेदन तयार गर्ने तथा प्रत्येक चौमासिक रुपमा अध्यक्षको उपस्थितिमा नगरको समग्र विकास योजना कार्यक्रमहरूको समस्या समाधान सम्बन्धी बैठकको आयोजना गरी कार्यक्रमको समीक्षा गर्ने तथा नगरपालिकाको नियमित चौमासिक समीक्षा बैठक आयोजना गर्ने ।

२. आयोगको नियमित काम कारबाहीहरू उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछ ।

१०.**सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको निर्देशन बमोजिम नियमित बैठक बोलाउने,

(ख) आयोगको निर्णय पुस्तिका जिम्मा लिई आयोगको सचिवालय प्रमुखको रुपमा कामकाज गर्ने,

(ग) आयोगका सम्पूर्ण काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(घ) आयोगको बैठकले तोके बमोजिमका अन्य कामकाज गर्ने, गराउने,

(ङ) आयोगको बैठकले गरेका निर्णयहरू प्रमाणित गर्ने,

(च) अन्य काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ ।

११.**सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बैठकमा उपस्थित भई आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरूमा राय दिने र आयोगमा पेश गर्ने ।

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरूको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकनमा सहयोग गर्ने ।

(ग) उपाध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

१२.**पदावधिः** आयोगका मनोनित उपाध्यक्ष एवं सदस्यहरूको पदावधि देहाय बमोजिम हुनेछः

१. उपाध्यक्ष र सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

२. उपदफा (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगको उपाध्यक्ष र कुनै सदस्यको पद रिक्त रहन गएमा रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि अध्यक्षले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।

३. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षले आवश्यकता अनुसार उपाध्यक्ष र सदस्यहरूलाई पदमुक्त गर्न सक्नेछ ।

१३.**पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यहरूको पद रिक्त हुनेछः

(क) पदावधि पुरा भएमा,

(ख) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ग) दफा (११) को उपदफा (३) बमोजिम अध्यक्षले अवकाश दिएमा,

(घ) अध्यक्षको पद मुक्त भएको अवस्थामा,

(ङ) मृत्यू भएमा ।

१४.**सुविधा सम्बन्धि व्यवस्थाः** आयोगका उपाध्यक्ष र सदस्यहरूलाई मासिक रुपमा अनुसूची १ बमोजिमको सुविधा उपलब्ध हुनेछ ।

१५.**नेपाल सरकार, प्रदेश सरकार तथा अन्य नियोगहरूसँग सम्पर्कः** आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विदेशी नियोगहरूसँग आवश्यकता अनुसार सम्पर्क गर्न सक्नेछ । साथै नेपाल स्थित विदेशी राजदुतावासहरूसँग पनि नेपाल सरकारसँग समन्वय गरी आयोगलाई तोकिएका काम, कर्तव्य र अधिकारको प्रयोग गर्न सक्नेछ तर प्रमुखको निर्देशन र जानकारीबिना कुनै पनि पदाधिकारी एवं सदस्यले विदेशी नियोग तथा नेपाल सरकारका निकायहरूसँग आयोग सम्बन्धी विषयमा व्यक्तिगत सम्पर्क तथा समन्वय गर्न पाउने छैन ।

१६.**सहयोग गर्नुपर्नेः** आयोगको काम कारबाहीलाई प्रभावकारी तथा व्यवस्थित बनाउन हलेसी तुवाचुङ नगरपालिका, नगर सभाका सदस्य, नगर कार्यपालिका सदस्य, विषयगत समितिहरू, अन्य समितिहरू र कर्मचारीहरू समेतले आयोगको आवश्यकता बमोजिम सहयोग गर्नुपर्ने छ ।

१७.**समिति, उप-समिति कार्यदल गठन गर्न सक्नेः** आयोगले आफ्नो काम कारबाहीलाई थप गुणात्मक र प्रभावकारी बनाउन आवश्यकता अनुसार विभिन्न समिति, उप समिति तथा कार्यदल गठन गरी निश्चित कार्य विवरण, समय र सेवा सुविधा तोकी काममा लगाउन सक्नेछ ।

१८.**प्रतिवेदन पेश गर्नुपर्नेः** आयोगले आफूबाट सम्पादित कार्यहरूको विवरण र आगामी कार्ययोजना सहितको प्रतिवेदन चौमासिक रुपमा अध्यक्ष मार्फत कार्यपालिका बैठकमा र कार्यसम्पादनको वार्षिक प्रतिवेदन अध्यक्ष मार्फत नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

१९.**निर्देशिका वा नीति जारी गर्न सक्नेः** यस ऐनको उद्देश्य प्राप्तीका लागि आयोगले आवश्यक कार्यविधि, निर्देशिका वा नीति तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष पेश गर्न सक्नेछ ।

२०.**खारेजी र संशोधनः** हलेसी तुवाचुङ नगर कार्यपालिकाले यस ऐनमा आवश्यकता अनुसार संशोधन, थपघट र खारेज गर्न सक्नेछ ।

## अनुसूची — १

**आयोगका पदाधिकारीहरूको सुविधाः**

(क) आयोगका पदाधिकारी तथा सदस्यहरूले बैठक भत्ता बापत रु १५००।— र यातायात खर्च रु १०००।— पाउनेछन ।

(ख) उपाध्यक्षलाई कार्य अवधिभर पारिश्रमिक वापत कार्य योजनाका आधारमा नेपाल सरकारको शाखा अधिकृत स्तरको पारिश्रमिक सुविधा उपलब्ध हुनेछ ।

(ग) नगर योजना आयोगको कामका सिलसिलामा भ्रमण गर्नु परेमा उपाध्यक्ष तथा सदस्यले नेपाल सरकारको शाखा अधिकृत सरहको भ्रमण भत्ता पाउनेछन ।

(घ) उपाध्यक्षलाई कार्य अवधिभर तथा सञ्चार खर्च मासिक रु २००० ।- उपलब्ध हुनेछ ।

**आज्ञाले**

**रविकिरण आचार्य**

**नि. प्रमुख प्रशासकीय अधिकृत**